# गाई लिएर क्वारेन्टाइनमा, 'गल्ती छैन, सजाय भोग्दै छु'

मोतीराम तिमल्सिना, काभ्रे

'गल्ती छैन, सजाय भोग्दै छु। श्रीमान्लाई कोरोना भएकै कारण मैले सजाय काटिरहेको छु। श्रीमान् मेरो हो रोग होइन। '१५ महिना पछि घर फर्किएका श्रीमान्सँग आत्मीयता साट्न मन भए पनि अलग्गै राखेर खान दियौं। अलग्गै सुतायौं। अघिल्लो साँझ कोरोना नभएको भनिएका श्रीमान्लाई बिहान ११ बजेर २९ मिनेटमा कोरोना भएको खबरपछि मेरो परिवारप्रति गरिएको व्यवहारले मन दुखेको छ।'

शुक्रबार पाँचखालमा ३९ वर्षीया एक युवामा कोरोना संक्रमण देखियो। पाँचखाल नगरपालिका वडा नम्वर ३ घर भई विगत ६/७ वर्षदेखि भारतको हरियाणामा रहेको एक होटलमा सेक्युरिटी गार्डको काम गर्दै आएका थिए। कोरोना भाइरसका कारण छिमेकी देश भारत र नेपालमा पनि लकडाउन भयो। होटल बन्द भएपछि क्वारेन्टाइनमा बसे। नेपालले भारतमा रहेका नेपाली फर्कन दिने भएपछि सिन्धुपाल्चोकका २३ जनाको समूहमा जेठ १३ गते काभ्रे आए। जिल्ला फर्किएपछि क्वारेन्टाइनमा बस्ने सर्तमा उनी फर्किएका थिए। पाँचखाल नगरपालिकाले व्यवस्थापन गरेको क्वारेन्टाइनमा ११ दिन बसे। सिन्धुपाल्चोक जिल्ला इन्द्रावती गाउँपालिका १० घर भएका युवालाई कोरोना भाइरस संक्रमण देखिएपछि उनको परीक्षण गरिएको थियो। धुलिखेल अस्पतालमा पठाइएको स्वाब अघिल्लो दिन नै परीक्षण हुनुपर्नेमा भोलिपल्ट भएको र अघिल्लो दिन परीक्षण गरिएका सबै स्वाबमा कोरोना नदेखिएपछि त्यही सूचना प्रवाह भयो। उनलाई क्वारेन्टाइनबाट जेठ २२ गते बिहीबार घर पठाइयो।

साँझ ६ बजे १६ वर्षीय र १३ वर्षीय दुई छोरा लिन आए। बाबुको ब्याग उनीहरूले बोके। अलिक पर पुगेपछि घरनजिकै पुग्ने बाइक आइपुग्यो। बाइकमा चढेर उनी घर पुगे। श्रीमती र दुई छोरासहित लामो समयको भेटघाटलाई पारिवारिक र आत्मीय बनाए। पारिवारिक कुराकानी भयो। तर सुत्ने, खाने र शौचालयसमेत अलग बनाइयो। भोलिपल्ट शुक्रबार बिहान खाना खाएलगत्तै उनलाई नगरपालिकाबाट फोन आयो- 'तत्काल क्वारेन्टाइन आउनू।' दौडिएर आए। सँगै श्रीमती पनि आइन्। कतै श्रीमान् भागेर पो आएनन् ? नगरपालिकामा पुगेपछि युवालाई धुलिखेल अस्पताल लगेर फेरि कोरोना परीक्षण गर्नुपर्ने भन्दै राखियो। श्रीमती घर फर्किइन्। बाटोमा भेटिएका मान्छेहरू बोलेनन्। घर पुग्दा टन्न मान्छे जम्मा भइसकेका रहेछन्। 'श्रीमान्लाई कोरोना भएको भन्दै सबैले घेरे। म के गरूँ ? के नगरूँमा परें ?', श्रीमतीले भनिन्- 'सुरक्षा हुन्छ, श्रीमान्लाई कोरोना भएको रहेछ भने अन्यत्र फैलन नपाओस् भनेर क्वारेन्टाइनमा राखियो आखिर त्यसकै सजाय मैले भोगिरहेको छु।'

साँझ नपर्दै दुई छोरा र उनलाई नगरपालिकाको क्वारेन्टाइनमा राख्न गाडी लिन गयो। घरमा दुई महिनाअघि सुत्केरी भएको गाई थियो। दैनिक ११ लिटर दूध दिन्छ। दूध बिक्रीबाट दैनिक ८ सय रुपियाँ आउँथ्यो। ज्याला गरेर परिवार चलाउने उनका दुई छोरा निजी विद्यालयमा अध्ययन गरिरहेका छन्। त्यो रात उनको गोठमा गाईलाई कसले खाना दियो वा दिएन ? दूध दुहुने काम भयो/भएन ? भगवान् जानुन् तर कोरोना भएको व्यक्तिको घरमा जान कोही तयार भएनन्। गाईले दूध नदिएको भन्दै आफन्तले खबर गरे। घरमा ताला लगाएर क्वारेन्टाइनमा बसिरहेका उनको परिवारलाई तनाव भयो। क्वारेन्टाइनमा दुई बच्चासहित बसेकी उनलाई श्रीमान्को भन्दा धेरै गाईको यादले सतायो। रातभर सुतिनन्। खान मन पनि लागेन। भोलिपल्ट आइतबार बिहान गाई क्वारेन्टाइनमा नै ल्याउने व्यवस्था भयो। तर, गाईले उचित खाना र दाना नपाउँदा दूध दिन मानेन। 'लगातार तेस्रो दिनसम्म पनि गाईले दूध दिन मानेको छैन। क्वारेन्टाइनको छेउमा रहेको भत्किएको एउटा घरमा गाईलाई बाँधिएको छ। गर्मी छ। लामखुट्टे, भुसुना, अन्य कीराले टोकेर हैरान छ। परिवारभित्रका सदस्यहरूले घाँस ल्याइदिएका छन्। दूध दिँदैन। लात्ती हान्छ। पहिलो दिन शनिबार केही दूध भुइँमै छाडिदिइन्। बाँकी बाछीलाई छाडिएको थियो। दोस्रो छाक एक लिटर दूध आयो। कोरोना लागेको व्यक्तिसँग सम्पर्क भएको व्यक्तिले दोहेको दूध कसैले खान मानेनन्। हातमा ग्लोब्स लगाएर दोहेकाले नगरपालिकाका स्वास्थ्य शाखाका प्रमुख उज्ज्वल अधिकारीले दूध किनिदिने बताउनुभएको छ तर गाईले दूध दिनै मान्दैन।

मलाई कि गोली ठोकेर मार्नुस, कि घरमै लगेर क्वारेन्टाइनमा राखिदिनुस् भनेको थिएँ तर अब परीक्षण गरेर प्रमाणपत्र लिएर मात्रै जान्छु। मेरो सबै चिज सकियो, गाई बिग्रियो, घरमा ताला लाग्यो। समाजले गर्ने ब्यवहार अछुत भयो। पहिला माया गरेर बोल्नेहरू पनि अहिले मुन्टो बटारेर हिँड्छन् बोल्नै डराउँछन्। नगरपालिकाले मेरो र समाजको सुरक्षा नै गरेको हो। रोग शत्रु हो तर बुझ्नु पर्‍यो नि समस्या', उनले भनिन्- 'घरमै क्वारेन्टाइनमा राखिदिएर यसो नगर्नू भनेको भए हामी कसलाई भेट्न जान्थ्यौं र ? हामीलाई रोग सरेको छैन विश्वास छ तर पनि अरूले हेर्ने दृष्टिकोण परिवर्तन नहोस् भनेर क्वारेन्टाइनमा त राखियो तर गाईको विजोगले रातभर सुत्न सकिन। रातभरि रोइरहें। सुतेको छैन। तीन दिनलाई भनेर क्वारेन्टाइनमा ल्याएका थिए। १४ दिन नै बस्नुपर्छ भनेका छन्, म बस्छु तर गाईको अवस्था बिग्रियो। एक महिनाअघि गाई किन्न आउनेहरूले ७० हजार दिएका थिए। गाईलाई घाँस, पानी व्यवस्थापनका लागि कठिन छ। घरमा जस्तो हुँदैन। सम्भव पनि छैन। जे नहोस् भनेर मैले पटक-पटक उहाँलाई क्वारेन्टाइनमा बस्न अनुरोध गरें त्यही भएरै छाड्यो। गल्ती हाम्रो थिएन सजाय हामी भोगिरहेका छौं।' 'नगरपालिकाले सहयोग गर्छु त भनेको छ तर कस्तो सहयोग गर्छ ? थाहा छैन तर मेरो गरीखाने आम्दानीको स्रोत दुधालु गाई बिग्रियो भने सहयोग पुर्‍याउनुपर्छ', उनले भनिन्- 'घरमा मात्रै हैन, घर हुँदैको बाटोसमेत प्रयोग गर्दैनन्। कोरोना लागेका व्यक्तिहरूको आसपाससमेत जानुहुँदैन भन्दै छिःछिः र दुरदुर गरेकाले मन बहकिएको छ। हामीलाई त जे भयो भयो तपाईंहरूलाई त्यस्तो नहोस्। रोग सबैलाई लाग्न सक्छ तर व्यवहार राम्रो हुनुपर्छ।'

श्रीमान् भक्तपुरको केएमसी अस्पताल दुवाकोटमा छन्। दिनको १० पटक जति भिडियो कल हुन्छ। एकले अर्कोलाई सम्झाउँछन् र भन्छन्- कुन जुनीको पाप बोकेर आयौ भगवान् ? बूढापाकाले भने जस्तै दैलो लगाएरै घर छाडेर हिँड्नुपर्ने कस्तो दिन आयो ? गल्ती गर्ने एउटा सजाय भोग्ने अर्कै ? नगरपालिकाले गाईको व्यवस्थापनका लागि आवश्यक सहयोग गर्ने बताएको स्थानीय रमेश गिरीले बताउनुभयो।

*(पाँचखालमा कोरोना संक्रमण देखिएका युवाको श्रीमतीसँग गरिएको कुराकानी)*

## मलामी...

परिवारका सदस्यले दाहसंस्कारका लागि कर गरेपछि दाहसंस्कारका लागि शव दिइएको थियो। यता बैतडीका प्रमुख जिल्ला अधिकारी मोहनराज जोशीले भने आवश्यक कानुनी प्रक्रिया र सुरक्षा सतर्कता अपनाएर मृतकको दाहसंस्कार गरिएको बताउनुभयो।

## मेलम्ची...

उहाँले संसद्मा आयोजनाको भौतिक पूर्वाधार निर्माणको कार्य चालू आर्थिक वर्षमा सम्पन्न हुने बताउनुभयो। चालू वर्षमा निर्माणको सम्पूर्ण कार्य सम्पन्न गरेर आगामी आर्थिक वर्षमा पानी वितरणको कार्यलाई व्यवस्थित गरिने उहाँको भनाइ थियो। उहाँले पहिलो चरणको भौतिक निर्माणको काम सम्पन्न गरेर काठमाडौं उपत्यका खानेपानी लिमिटेडको क्षेत्रभित्र मेलम्चीको पानी वितरण गरिने बताउनुभयो भने दोस्रो चरणमा उपत्यकाका अन्य क्षेत्रमा र चक्रपथभन्दा बाहिरको क्षेत्रमा अहिले प्रयोग हुँदै आएको मुहानबाट पानी वितरणको व्यवस्था गरिने बताउनुभयो।

उहाँले छिट्टै मेलम्चीको सुरुङको परीक्षण गरिने समेत सुनाउनुभयो। गएको दुई दशकदेखि मेलम्ची खानेपानी आयोजना निर्माणको काम भइरहेको छ। मेलम्ची खोलाको पानी ल्याई काठमाडौंबासीलाई खुवाउने भने पनि काठमाडौंबासी भने आयोजनाको काम ढिलाइले गर्दा निराश छन्। मन्त्री मगरले काठमाडौंबासीको निराशाको चाँडै अन्त्य हुने बताउनुभयो।

## संसद्मा...

उहाँले सार्वजनिक यातायातलाई व्यवस्थित बनाउनका लागि ऐन निर्माण गर्न राष्ट्रिय सभाबाट पारित सार्वजनिक यातायात प्राधिकरण विधेयक प्रतिनिधिसभामा टेबुल भइसकेको बताउँदै यातायात क्षेत्रमा रहेको सिन्डिकेट अन्त्य भई प्रतिस्पर्धात्मकरूपमा सार्वजनिक सवारी सञ्चालनमा आई जनताले सुविधा प्राप्त गर्न थालिसकेको बताउनुभयो। मन्त्री नेम्वाङले महाकाली कोरिडोर हुँदै दार्चुलाको तिंकरसम्म पुग्ने सडक निर्माणका लागि नेपाली सेनालाई जिम्मा दिइएको र आवश्यक बजेटको व्यवस्था गरिएको बताउनुभयो। सरकारले आगामी आर्थिक वर्ष रेलमार्गको अध्ययन, निर्माण र सञ्चालनका लागि ८ अर्ब ६६ करोड विनियोजन गरेको छ। सरकारले आन्तरिक जल यातायात पूर्वाधार विकासका लागि कोशीको चतरादेखि तुम्लिङटार, नारायणीको त्रिवेणीदेखि देवघाट हुँदै राम्दी र कर्णालीको खक्रौलादेखि खिमडीसम्म जल यातायात सञ्चालनको सम्भाव्यता अध्ययन गर्ने बताउँदै नेपालको आफ्नै ध्वजावाहक पानीजहाज भारतको आन्तरिक जलमार्गबाट समुद्रसम्म जान सक्ने गरी सञ्चालन गर्न पूर्वाधार निर्माण तथा कानुनी व्यवस्था गर्ने विषयलाई प्रमुख प्राथकिमतामा राखिएको बताउनुभयो।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री पार्वत गुरुङले कोभिड-१९ का कारण सामाजिक क्षेत्रमा बजेट सीमित भए पनि त्यस क्षेत्रमा राष्ट्रिय गौरवको आयोजना हुन सक्ने विश्वास गर्नुभएको छ। मन्त्री गुरुङले महिला, बालबालिका, ज्येष्ठ नागरिक र अपाङताका क्षेत्रमा बजेट सीमित रहेको बताउनुभयो।

'समृद्धिको सूचक भनेको भौतिक पूर्वाधार र अन्य विकास मात्रै होइन, सामाजिक क्षेत्रको विकास पनि हुन सक्छ, समृद्धिको सूचक बन्न सक्ने गरी हामी काम गर्नेछौं, जातीय भेदभाव छुवाछूत, छाउपडी, बोक्सी, बालविवाहलगायत सबै प्रकार विभेद अन्त्य नभएसम्म समृद्ध नेपाल निर्माण हुन सक्दैन।' -उहाँले भन्नुभयो।

त्यसै गरी भूमि व्यवस्थामन्त्री पद्मा अर्यालले खेतीयोग्य जग्गा अब बाँझो राख्न नदिइने बताउनुभयो। मन्त्री अर्यालले यसै आर्थिक वर्षदेखि भूमि बैंकको अवधारणा कार्यान्वन गरिने प्रतिबद्धता व्यक्त गर्नुभयो। यो योजना नितान्त नयाँ, मौलिक र सिर्जनशील किसिमबाट अगाडि बढाउन खोजिएकाले यसबाट आफूले उपयोग गर्न नसक्ने जग्गा सम्बन्धित जग्गाधनीले भूमि बैंकसमक्ष पेस गर्नुपर्ने र भूमि बैंकमार्फत उक्त जग्गा इच्छुक व्यक्तिले लिई उपयोगमा ल्याउन सक्ने व्यवस्था गरिएको उहाँले भन्नुभयो।

जग्गा बाँझो राख्न नदिने भू-उपयोग ऐन लागू भएको र त्यसको कार्यान्वयनका लागि भू-उपयोग नियमावली मन्त्रिपरिषद्मा पेस भएको जानकारी दिँदै यसबाट स्थानीय, प्रदेश र संघीय भू-उपयोग योजनाहरू तर्जुमा हुने, कृषियोग्य जग्गाको संरक्षण हुने, जग्गा बाँझो रहन नदिने, खाली जग्गाको उचित उपयोग गर्ने, जग्गाको कित्ताकाटलगायत विषयमा रहेका द्विविधाहरू अन्त्य हुने विश्वास व्यक्त गर्नुभयो। हालसम्म ५ सय ३१ वटा स्थानीय तहको भू-उपयोग नक्सांकन र डाटाबेस तयार गर्ने कार्य सम्पन्न भएको तथा बाँकी स्थानीय तहहरूको नक्सांकन र डाटाबेस यसै आर्थिक वर्षमा तयार गरी स्थानीय तहलाई हस्तान्तरण गर्ने गरी कार्यक्रम र बजेट तर्जुमा गरिएको मन्त्री अर्यालले बताउनुभयो।

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री रामेश्वर राय यादवले बेरोजगारलाई रोजगारीको अवसर उपलब्ध गराउन सरकारले प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा ल्याएको बताउनुभयो। उहाँले वैदेशिक रोजगारीबाट फर्केका तथा कोभिड-१९ का कारण श्रम स्वीकृति लिएर पनि वैदेशिक रोजगारीमा जान नपाएका युवालाई उक्त कार्यक्रमअन्तर्गत रोजगारीको अवसर प्रदान गरिने बताउनुभयो। मन्त्री यादवले आफूले म्यानपावर व्यवसायीसँग रकम मागेको भन्ने आरोप पुष्टि गरेर देखाउन चुनौती दिनुभएको छ। त्यसै गरी संस्कृति, पर्यटन तथा नागरिक उ*यनमन्त्री योगेश भट्टराईले कोरोना महामारीको असर कम भएपछि भैरहवा विमानस्थलबाट अन्तर्राष्ट्रिय उडान शुरू हुने बताउनुभयो। उहाँले त्रिभुवन विमानस्थलको सुदृढीकरणको काम अगाडि बढिरहको बताउँदै ५४ वटा विमानस्थलमध्ये ३४ वटा कालोपत्रे भएको र बाँकीको पनि कालोपत्रे, विस्तार र आधुनिकीकरण गर्दै जाने बताउनुभयो।

मन्त्री भट्टराईले बजेटमा पर्यटन व्यवसायीलाई सहुलियत प्याकेज आएको जानकारी गराउँदै भन्नुभयो- '५० अर्बको पुनःस्थापना कोष छ, ५ प्रतिशत ब्याजमा रकम चलाउन सकिन्छ। १ खर्बको पुनर्कर्जा कोष छ।' मन्त्री भट्टराईले यसपटक नेताहरूको नाममा स्थापित प्रतिष्ठानलाई अनुदान नदिएको बताउँदै राष्ट्रिय नेताको नाममा बनेका प्रतिष्ठानहरूलाई अनुदान दिने कार्यक्रम नरहेको स्पष्ट पार्नुभयो।

सोमबारको बैठकमा उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री लेखराज भट्ट, स्वास्थ्य तथा जनसंख्यामन्त्री भानुभक्त ढकाल र कृषिमन्त्री घनश्याम भुसालले संसद्मा उठेको विषयगत प्रश्नको जवाफ दिनुभएको थियो। बैठकमा १३ वटा मन्त्रालयको विषयगत प्रश्नको जवाफ मन्त्रीहरूले दिएका छन्। बाँकी मन्त्रालयको विषयगत प्रश्नको जवाफ आज मंगलबार बस्ने बैठकमा सम्बन्धित मन्त्रीहरूले दिने कार्यक्रम रहेको संसद् सचिवालयले बताएको छ।

## अदालतका...

विगत ६९ वर्षदेखि निरन्तररूपमा आफ्नो नाउँमा रहेको घर जग्गा, अचल सम्पत्ति र सरकारबाट प्राप्त घर-जग्गामा रहेर शिक्षा ऐनले व्यवस्था गरेबमोजिम सार्वजनिक शैक्षिक गुठीमा दर्ता गरी सुलभ र गुणस्तरीय शिक्षा प्रदान गरिरहेको अवस्थामा विद्यालयलाई जानकारी नै नदिई निर्माण गर्न खोज्नु गलत भएको विद्यालयका प्रधानाध्यापक बताउनुहुन्छ।

विसं २०३१ सालमा भएको सहमतिअनुसार सेन्ट जेभियर्स स्कुल सञ्चालन रहेसम्म सो विद्यालयले २ सय ३९ रोपनी जग्गा प्रयोग गर्ने उल्लेख भएको जानकारी गराउँदै प्रिन्सिपल फादर सागुएल एसजेले भन्नुभयो- 'सरकारी निर्णयको बेवास्ता गर्दै एकाएक विद्यालयको महत्वपूर्ण संरचना नष्ट हुने गरी डोजर लगाउने तयारी हुनु दुर्भाग्यपूर्ण छ।' विद्यालयले भोग-चलन गरेको सो जग्गा तत्कालीन सरकारले रातो चिह्न लगाएर जग्गा सीमांकन गरी यस स्कुललाई जिम्मा दिएको थियो।

---

### षडानन्द नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय

दिंला, भोजपुर

प्रदेश नं. १, नेपाल

**बोलपत्र स्विकृत गर्ने आशयको सूचना**

प्रकाशित मिति : २०७७।०२।२७

यस कार्यालयबाट मिति २०७६/११/१६ गते नेपाल समाचारपत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार e-bidding मार्फत प्राप्त हुन आएका बोलपत्रहरुको मूल्याङ्कन गर्दा तपशिलको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(२) तथा सार्वजनिक खरिद नियमावली, २०६४को नियम ४७ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुलाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपशिलः**

| क्र.सं. | ठेक्का नं. | कामको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल गरेको रकम (मू.अ. कर बाहेक) |
|---|---|---|---|---|
| १ | Shadmun/G/NCB /07/076/77 | Fabrication of Steel Parts of Four Trial Bridge [Chirkhuwa, Chamladan, Yangmaya Bridge, Mude Truss Bridge & Khakuwa Budhune (Khola Baluwa) and Transportation up to nearest Road Heads of Trial Bridge] | S.K. Engineering Industries, Butwal | ३६,०५,१३६।९६ (छत्तीस लाख पाँच हजार एक सय छत्तीस रुपैंया र छत्तीस पैसा मात्र) |

प्रमुख प्रशासकीय अधिकृत

---

Provincial Government

**Ministry of Physical Infrastructure Development**

**Transport Infrastructure Directorate**

### Infrastructure Development Office

**Kaski**

**Gandaki Province**

**Invitation for Bids**

**Date of publication: 2077 -02-27 (09 June 2020)**

Infrastructure Development Office, Kaski invites **online bids** under e-procurement system from eligible bidders for the construction of ***Projects mentioned below***. All other information and Bid Document can be downloaded from PPMO's Website www.bolpatra.gov.np/egp or may obtain at office. All eligible bidders are requested to submit E-Bid only as per instructions within the mentioned period.

| S. N | Contact ID | Works Descriptions | Estimate Cost (Inclusive of VAT) NRs. | Bid Document Fee Details | Bid Validity | Bid Security Amount and Validity |
|---|---|---|---|---|---|---|
| 1 | IDOKASKI/ W/R/131/076-77 | Methalang Jarebar Road, PMC 18 | 19,32,041.28 | NRs. 1000 | 45 Days | NRs. 48,000 30 days after bid validity |
| 2 | IDOKASKI/ W/R/132/076-77 | Shivalaya Marga Drain Slab Work, PMC 08 | 14,48,780.71 | NRs. 1000 | 45 Days | NRs. 36,000 30 days after bid validity |
| 3 | IDOKASKI/ W/R/133/076-77 | Sakneri Rithepani (Sakneri Chowk to Ward Number 27) Road | 19,94,478.24 | NRs. 1000 | 45 Days | NRs. 50,000 30 days after bid validity |
| 4 | IDOKASKI/ W/R/134/076-77 | Geeta Marga Ma raheko Machhapuchre Marga Dekhi Purwa Falepatan Road | 19,31,200.29 | NRs. 1000 | 45 Days | NRs. 48,000 30 days after bid validity |
| 5 | IDOKASKI/ W/R/135/076-77 | Shiva Basti Motor Marga, PMC 33, Kaski | 10,78,440.43 | NRs. 1000 | 45 Days | NRs. 27,000 30 days after bid validity |
| 6 | IDOKASKI/ W/R/136/076-77 | Kahule Dekhi Piyuri Dovan Sadak, Putalibazar 06, Syangja | 14,35,469.88 | NRs. 1000 | 45 Days | NRs. 36,000 30 days after bid validity |
| 7 | IDOKASKI/ W/R/137/076-77 | Waripari Ginchaur Motorbato Staronnati, Putalibazar 05, Syangja | 26,37,827.46 | NRs. 3000 | 90 Days | NRs. 66,000 30 days after bid validity |
| 8 | IDOKASKI/ W/R/138/076-77 | Haripala Panitanki Dekhi Ward No 4 Karyalaya Sadak, Putalibazar 04, Syangja | 8,93,453.02 | NRs. 1000 | 45 Days | NRs. 22,000 30 days after bid validity |
| 9 | IDOKASKI/ W/R/139/076-77 | Ekal Dhara Marga Sadak, PMC 05, Kaski | 8,47,460.14 | NRs. 1000 | 45 Days | NRs. 22,000 30 days after bid validity |
| 10 | IDOKASKI/ W/R/140/076-77 | Katu Khola Causeway Work, Galyang 09, Syangja | 52,00,252.39 | NRs. 3000 | 90 Days | NRs. 1,30,000 30 days after bid validity |
| 11 | IDOKASKI/ W/R/141/076-77 | Shishuwa Dudako Mukh Rayale Road, Kaski | 48,04,361.57 | NRs. 3000 | 90 Days | NRs. 1,20,000 30 days after bid validity |
| 12 | IDOKASKI/ W/R/142/076-77 | Bhanjyang Syangkhudi Road, PMC 31, Kaski | 19,28,622.14 | NRs. 1000 | 45 Days | NRs. 48,000 30 days after bid validity |
| 13 | IDOKASKI/ W/R/143/076-77 | Pumdikot Road Maintenance PMC 22, Kaski | 23,80,552.31 | NRs. 3000 | 90 Days | NRs. 60,000 30 days after bid validity |
| 14 | IDOKASKI/ W/R/144/076-77 | Gajendra Bhandari Marga PMC 11, Kaski | 14,46,080.79 | NRs. 1000 | 45 Days | NRs. 36,000 30 days after bid validity |
| 15 | IDOKASKI/ W/R/145/076-77 | Bhadre Ko Chaur Dekhi Badahar Bot Hudai Beshi Jane Bato PMC 11, Kaski | 19,25,939.95 | NRs. 1000 | 45 Days | NRs. 48,000 30 days after bid validity |

**Name of Bank:** Rastriya Banijya Bank, Prithivichow Branch **Office Code:** 3370139024

**Account Number:** 1-1-1-1 **Rajaswa Sirsak:**14229

---

नेपाल सरकार

सहरी विकास मन्त्रालय

शहरी विकास तथा भवन निर्माण विभाग

### सघन शहरी तथा भवन निर्माण आयोजना, बीरगंज, पर्सा

**आर्थिक प्रस्ताव खोलिने वारेको सुचना**

प्रथम प्रकाशित मिति : २०७७/०२/२७

यस कार्यालयवाट मिति २०७६/१२/०२ गते प्रकाशित बोलपत्र आव्हान सम्बन्धी सूचना अनुसार तपशीलका निर्माण कार्यको लागि www.bolpatra.gov.np/egp मार्फत दर्ता हुन आएका बोलपत्रदाताहरु मध्ये तपसिल बमोजिमको बोलपत्रदाताहरुको प्राविधिक प्रस्ताव सारभुत रुपमा प्रभावग्राहि भइ आर्थिक प्रस्ताव खोल्नको लागि सिफारिस भई आए बमोजिम सार्वजनिक खरिद नियमावली २०६४ (संसोधन सहित) को नियम ३१ ङ (५) अनुसार सम्बन्धित सबै बोलपत्रदाताहरुलाई जानकारीको लागि सुचना प्रकाशित गरिएको छ।

**तपसिल**

| ठेक्का नं. | निर्माण कार्यको नाम | बोलपत्रदाताको नाम, ठेगाना | आर्थिक प्रस्ताव खोलिने मिति, समय र स्थान |
|---|---|---|---|
| PUDBC/PARSA/WORKS /NCB/06/076/077 | Construction of Road in Simraungadh Municipality , Simraungadh, Bara | कुनै बोलपत्रदाता सारभुत रुपमा सफल नभएको | |
| PUDBC/PARSA/WORKS /NCB/09/076/077 | Construction of Boundary Wall and Pavement at BP Park, Birgunj | Banshakti/ Sagar JV, Pidariguthi, Parsa | २०७७/०३/०२, बिहान ११ बजे, आयोजनाको कार्यालय |

**आयोजना प्रमुख**